

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सन्दर्भ सामाग्रीहरु २०७४

हरियो वन कार्यक्रम

USAID अमेरिकी जनताबाट

WWF care FECOFUN NTNC

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सन्दर्भ सामाग्रीहरु २०७४

हरियो वन कार्यक्रम

USAID अमेरिकी जनताबाट

WWF

care

FECOFUN

NTNC

**© डब्लुडब्लुएफ नेपाल २०७४**
यस पुस्तकको पूर्ण वा आंशिक भागको पुनरुत्पादन गरिएमा शीर्षक उल्लेख गरिनुपर्ने छ र माथि उल्लेखित प्रकाशकलाई सर्वाधिकारको श्रेय दिइनुपर्ने छ ।

**प्रकाशक :**
डब्लुडब्लुएफ नेपाल,
पोस्ट बक्स नं ७६६०
बालुवाटार, काठमाडौं, नेपाल
फोन : ४४३४८२०
इमेल : hariyobanprogram@wwfnepal.org
वेबसाइट : www.wwfnepal.org/hariyobanprogram

**कभर तस्वीर :** डब्लुडब्लुएफ नेपाल, हरियो वन कार्यक्रम/नविन बराल

**डिस्क्लेमर :** यो पुस्तिका अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु लेखकको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।

# विषयसूची


| | | |
|---|---|---|
| १. | हरियो वन कार्यक्रम दोस्रो चरणको संक्षिप्त विवरण | ५ |
| २. | मानव-वन्यजन्तु द्वन्द्व र क्षति न्यूनिकरणका उपायहरु | १३ |
| ३. | केहि हिंसक वन्यजन्तुहरु तथा तिनबाट बच्ने उपाय | २१ |
| ४. | वन्यजन्तुबाट भएको क्षतिको राहत विवरण तथा राहत वितरणका क्षेत्रहरु | ३५ |
| ५. | मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन कार्यविधि २०७१ | ४३ |
| ६. | वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग कार्यबिधि २०७२ (सेती सब बेसिन स्तरमा) | ४९ |
| ७. | मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३ | ५५ |

# हरियो वन कार्यक्रम दोस्रो चरणको संक्षिप्त विवरण

# अवधी

१५ जुलाई २०१६ देखि १४ जुलाई २०२१ (५ वर्ष)

# संचालक संस्थाहरु

WWF (Lead), CARE, FECOFUN and NTNC

# बजेट

**१ करोड ८० लाख डलर**

स्मल ग्रान्टस प्रोग्राम (Small Grants Program) सरकारी तथा गैरसरकारी संघ संस्थासंग सहकार्यको लागि - २५ लाख डलर

वन्यजन्तु चोरीशिकार तथा अवैध व्यापार रोकथाममा सहयोग - १५ लाख डलर

**कार्यक्रम सञ्चालन संस्थाहरुको तर्फबाट : करिब ३० लाख डलर (नगद र बस्तुगत)**


# बजेट विनियोजन

## क्षेत्रगत


- चितवन अन्नपूर्ण भू-परिधि (८०%)
- तराई भू-परिधि (२०%)


## कार्यक्रमगत

- जैविक विविधता संरक्षण (७०%)
- जलवायु परिवर्तन अनुकुलन (३०%)


Darchula
Humla
Bajhang
Mugu
Bajura
Baitadi
Jumla
Dadeldhura
Doti
Kalikot
Achham
Dailekh
Jajarkot
Kanchanpur
Kailali
Rukum
Surkhet
Bardiya NP
Bardiya
Salyan
Rolpa
Banke NP
Pyuthan
Kamdi
Dang
Legend
CHAL Boundary
TAL Boundary
Sub River Basin
Daraudi
Marsyangdi
Seti
District Boundary
TAL/CHAL Working VDCs
Working Corridor
Core Zone
Buffer Zone
CHAL Working Blocks
Forest
Shrub
Human Wildlife Conflict (TAL/CHAL)
Non Forest
Other Wooded Land
International Boundary

# कार्यक्षेत्र तथा कार्यक्रम




(Source: DFRS, 2015)

# चितवन अन्नपूर्ण भू-परिधि

**तीनवटा सब बेसिन**

१. सेती (कास्की, स्याङ्गजा, तनहुँ, चितवन)
२. मर्स्याङ्गदी (लमजुङ र मनाङ)
३. दरौंदी र बुढीगण्डकी (गोरखा)

# तराई भू-परिधि

१. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र ब्रह्मदेव जैविक मार्ग (कञ्चनपुर र डडेलधुरा)
२. बर्दिया राष्ट्रिय निकुञ्ज र कर्णाली जैविक मार्ग (बर्दिया र कैलाली)
३. बाँके राष्ट्रिय निकुञ्ज र कम्दी जैविक मार्ग (बाँके र दाङ)

# लक्ष्य

नेपालको चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिको परिस्थितिकिय र सामुदायिक समानुकुलनमा बृद्धि ।

## जैविक विविधता संरक्षण

चितवन अन्नपूर्ण भु-परिधि र तराई भु-परिधिको जैविक विविधता संरक्षण र व्यवस्थापनमा सुधार गर्ने ।

## जलवायु परिवर्तन अनुकुलन

चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा जलवायु परिवर्तन संकटासन्नता न्यूनीकरण गर्ने ।

## अन्तरसम्बन्धित कार्यक्रमहरु

- लैंगिक समानता र सामाजिक समावेशीकरण
- प्राकृतिक श्रोत समुह सुशासन सुध्रिढिकरण

## परिवर्तनको सिद्धान्त

यदि सरोकारवालाहरु जिविकोपार्जनका उपायहरुलाई विविधिकरण गर्न, लैंगिक समानता र सामाजिक समावेशीकरणलाई सुधार गर्न, प्राकृतिक स्रोत सुशासन प्रबर्धन गर्न, जैविक विविधताको संरक्षणगर्न, त्यसबाट लाभ उठाउन र जलवायु परिवर्तनसंग अनुकुलित हुन सक्षम भएमा लक्षित भू-परिधिका मानव समुदाय र परिस्थितिकिय प्रणालीहरु थप समानुकुलित हुनेछन् ।

## स्मल ग्रान्ट प्रोग्राम (Small Grant Program)

जैविक विविधता संरक्षण, जलवायु परिवर्तन संकटासन्नता न्यूनीकरण, जिविकोपार्जन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण तथा शुसासन क्षेत्रमा नविनतम कार्यकोलागी ।

### सहयोग उपलब्ध गराईने क्षेत्रहरु

१. अध्ययन, अनुसन्धान - (विद्यार्थी र विश्व विद्यालय) - ६%
२. सरकारी निकायहरु - ४०%
३. गैरसरकारी निकायहरु - ४०%
४. प्रकोप व्यवस्थापन तथा अन्य अवसरहरु - १४%

## लक्षित समूह र सरोकारवालाहरु

- सामुदायिक वन उपभोक्ता समूहहरु
- मध्यवर्ती क्षेत्र र वन उपभोक्ता समूहहरु
- संरक्षण क्षेत्र व्यवस्थापन समीतिहरु
- चोरीशिकार नियन्त्रण समूहहरु
- सामुदायिक सिकाई तथा कार्य केन्द्र
- साझेदारी वन उपभोक्ता समूहहरु
- जल उपभोक्ता समूहहरु
- महिला समूहहरु
- युवा समूहहरु
- वन तथा भू-संरक्षण मन्त्रालय
- जनसंख्या तथा वातावरण मन्त्रालय
- संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय
- महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय
- न्यायपालिका
- हुलाक तथा भन्सार
- अमेरिकी विकास नियोग (युएसएड) तथा अन्य वैदेशीक सहयोगका कार्यक्रम र परियोजनाहरु

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

**WWF, CARE**
विभिन्न राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाहरुसँगको साझेदारी
सरकारी निकायहरुसँग Special Grant Agreement मार्फत ।

**FECOFUN, NTNC**
सरकारी निकायहरुसँगको समन्वयमा आफै कार्यान्वयन गर्ने ।

**TAL, CHAL**
भू-परिधि र तोकिएका जिल्लाहरुमा कार्यालय र कर्मचारी रहने ।

# मानव-वन्यजन्तु द्वन्द्व र क्षति न्यूनिकरणका उपायहरु

# अवधारणा

- जैविक विविधता संरक्षण क्षेत्रमा नेपालको अग्रणी भूमिका
- देशको कुल भू-भागको ४४ प्रतिशत वन क्षेत्रमध्ये २३.२३ प्रतिशत भू-भाग संरक्षित क्षेत्र
- वन्यजन्तुको बासस्थानमा मानविय चाप
- केही वन्यजन्तुको संख्यामा उल्लेखनीय बृद्धि
- मानव-वन्यजन्तु द्वन्द्वका कारण एकातिर धनजनको क्षति हुने र अर्कोतिर वन्यजन्तु प्रतिहुने प्रतिशोध पूर्ण व्यवहारबाट वन्यजन्तुलाई क्षति पुग्ने कृयाकलाप समेतहुँदै आएको
- वन्यजन्तुको संख्यामा आएको बृद्धिसंगै एकातिर मानव-वन्यजन्तुबीचको द्वन्द्व व्यवस्थापन र अर्कोतर्फ वन्यजन्तुको चोरी शिकार तथा वन्यजन्तुका अङ्गप्रत्यङ्गको अवैधव्यापार एवं समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन जस्ता समस्या र चुनौती थपिएका

# परिचय

## मानव-वन्यजन्तु द्वन्द्व

- एक अर्काका आवश्यकताहरु परिपूर्ति गर्ने क्रममा मानव र वन्यजन्तुले एक आपसमा पार्ने वा पार्न सक्ने असर र हानी नोक्सानी
- मानवीय सभ्यताको शुरुवातसँगै मानव र वन्यजन्तु बीच द्वन्द्वको शुरु
- जनसंख्या वृद्धि मानवीय आवश्यकताहरु बढ्दै जाँदा द्वन्द्व पनि बढ्दै गएको

# द्वन्द्वका असरहरु

- मानवीय तथा अन्य भौतिक सम्पत्तिको क्षति
- स्थानीय जनतामा संरक्षण सम्बन्धि नकारात्मक धारणा विकाश हुने
- जनावर घाईते तथा मृत्यु हुने
- विष, पासो तथा अन्य विधिबाट प्रतिशोधात्मक किसिमले मारिने



# द्वन्द्वका प्रकार

## दुई प्रकारका

- मानवले वन्यजन्जुलाई गर्ने हानी नोक्सानी (चोरी शिकार र अवैध व्यापार बाहेक)
- वन्यजन्तुले मानव तथा मानवीय श्रोत साधनामा गर्ने हानी नोक्सानी

## क्षेत्रको हिसाबले

- निकुञ्ज/आरक्ष तथा वनक्षेत्र भित्र
- कृषिभूमी तथा घरमा (वनक्षेत्र बाहिर)



# द्वन्द्वका कारणहरु

- वन्यजन्तुको वासस्थान विनाश/खानेकुराको अभाव
- वन अतिक्रमण
- वन्यजन्तुको आफ्नै समस्या (अस्वस्थ, अक्षम, अपाङग)
- वनक्षेत्रमा मानवीय चाप

# हानि नोक्सानीका किसिम

## मानवीय

- मृत्यु
- घाइते

## घर पालुव पशुपंक्षी

- मृत्यु
- घाइते

## घर तथा सम्पत्तिमा क्षति

## बालीनाली

- आंशिक क्षति
- पुर्ण क्षति

# क्षति गर्ने प्रमुख वन्यजन्तुहरु

## साकाहारी

- गैंडा
- हात्ती
- बँदेल
- मृग
- दुम्सी
- चराहरु
- मुसा
- बाँदर
- आदि...

## मांशहारी

- बाघ
- भालु
- स्याल
- बिराला तथा नीरबिरालाहरु
- मलसाप्रो

# क्षति न्यूनिकरणका उपायहरु

## वन्यजन्तुलाई रोक्न

- विद्युतीय तारबार (Solar Powered Fence)
- काँडे तारबार (Barbed Wire Fence)
- कुलो खनेर (Trench)
- जीवित बार (Live Fence)




## वैकल्पिक कृषि प्रणाली

- वन्यजन्तुले मननपराउने/नखाने बालीनाली रोपेर
- माछापालन/मौरिपालन, फलफूल लगाएत बैकल्पिक कृषि

## सुरक्षित खोरको व्यवस्था

- घरपालुवा जनावरको लागि





# स्थानीय बासिन्दाको भूमिका

- हिंसक वन्यजन्तुबाट बच्ने उपाय, राहतकोषको परिचालन तथा सोबाट रकम प्राप्तिका उपाय लगायत अन्य विषयहरुमा व्यापक जनचेतनाका कार्यक्रम गर्ने ।
- मानव-वन्यजन्तु द्वन्द्व भएका स्थानहरुमा पूर्वसूचना प्रणाली जडान गर्न सहयोग गर्ने ।
- क्षति न्यूनिकरण गर्न लगाइएका पूर्वाधारहरुको संरक्षण र मर्मत गर्ने ।
- वीमा (मानव र घरपालुवा जनावर) का लागी प्रोत्साहन गर्ने ।
- राहत प्राप्तिको लागी सहयोग गर्ने ।

# केहि हिंसक वन्यजन्तुहरु तथा तिनबाट बच्ने उपाय

# भालु

- तराईका संरक्षित क्षेत्रमा काठे भालु मात्र पाईन्छ । नेपालमा यसको संख्या यकिन भएको छैन तापनि यसको संख्या घट्दो स्थितिमा छ ।
- नेपालमा हिमाली खैरो भालु, हिमाली कालो भालु र काठे भालु गरी ३ प्रजातिका भालु पाईन्छन् ।

## शारिरीक बनोट तथा स्वभाव

- भालुको शरीर मझौला खालको तथा कालो र खस्रो रौंले ढाकेको हुन्छ । यसको थुतुनो अगाडी निस्केको र सेतो हुन्छ ।
- आँखा सानो र कानमा रौंहरु हुन्छन । छातीमा V आकारको सेतो रौंको पाटा हुन्छ । अगाडीको तुलनामा पछाडीको खुट्टा छोटो हुन्छ । भालु औसतमा ६५ से.मी. देखि ८५ से.मी. अग्लो र १.४ देखि १.७ मि. सम्म लामो हुन्छ ।
- वयस्क भालेको तौल १२७ के.जी. देखि १४५ के.जी. सम्म हुन्छ । भालु धेरै चलाख जनावरमा पर्दैन । यसले कुन बेला के गर्छ अनुमान गर्न कठिन हुनेभएकोले यो जनावर खतरनाक हुन्छ ।
- यसले मानिसलाई भेट्यो भने कोपर्ने चिथोर्ने गर्दछ । सहवासको समय वा बच्चा साथमा भएको बेला बाहेक यो जनावर जंगलमा एक्लै भेटिन्छ ।

## भालुले आक्रमण गर्ने अवस्था

- सानो बच्चा साथमा भएको अवस्थामा ।
- सहवासको समयमा । यस बेला एउटा पोथीसंग ४-५ वटासम्म भाले भेटिने गर्दछन् ।
- खाना (खासगरी धमिरा) खाईरहेको अवस्थामा हल्ला गरेमा ।
- अचानक जम्काभेट भएमा ।
- जिस्काएमा वा होहल्ला गरेमा ।

# भालुले आक्रमण गर्ने तरिका

- आफू असुरक्षित भएको महशुस गरेपछि पछाडीको दुई खुट्टाले उभिएर चारैतिर हेर्छ र दुवै हात माथि उठाउँछ । अनि थुकेको जस्तो गरी मुख पछाडी लुकाएर फ्वां फ्वां गर्दै अनौठो आवाज निकालेर मान्छेलाई झम्टिदै आक्रमण गर्दछ ।
- भालुले सोझै अनुहारमा पञ्जाले आक्रमण गर्दछ र चिथोर्ने, कोपर्ने र मुखले टोक्ने पनि गर्दछ ।
- साना बच्चाबाहेक जुनसुकै उमेरको भाले पोथी भालुले पनि मानिसलाई आक्रमण गर्न सक्ने भए पनि बच्चा भएको पोथी बढी आक्रामक हुनसक्छ ।

# भालुको आक्रमणबाट बच्ने उपाय

- भालुले प्राय अनुहारमा आक्रमण गर्ने हुंदा रुमाल वा कपडाले अनुहार छोप्ने ।
- आफुसंग छाता छ भने उसतिर फर्काएर छाता खोल्ने र आफु छेकिने ।
- ओरालो ठाउँ तिर दगुर्ने । भालु ओरालोमा हिंड्दा लामा रौंले आंखा छोपिन्छ र हेर्न अप्ठ्यारो हुन्छ । खसी, बाख्रा वा यस्तै जनावरको जस्तो आवाज निकालेर कराउने ।
- आक्रमण गर्न नजिकै आएको स्थितीमा Y आकारको कापे लौरोले भालुको घांटीमा समाएर धकेल्ने ।
- लट्ठी बजार्ने वा भालुले हात उचालेर आउंदा हातमा वा नाकमा जोडले हिर्काउने । नाक अति संवेदनशिल हुने भएकोले यसमा चोट लाग्यो भने भालु तुरुन्तै भाग्छ ।
- मसिनो वा पातलो रुखमा चढने, यस्तो रुखमाभालु सजिलै चढन सक्दैन ।
- आगो बालेर तर्साउने ।

# चितुवा

- नेपालमा ध्वांसे चितुवा, हिंउ चितुवा र थोप्ले चितुवा गरी ३ प्रकारका चितुवा पाईन्छन् । यो नेपालको प्राय सवैजसो क्षेत्रमा पाइन्छ । सामान्यतया गाउँघरमा यसलाई बाघ पनि भन्ने गरिन्छ । शरिरभरी छालामा पहेंलो भुईमा कालो थोप्लाहरु हुने र बिरालो परिवार भित्र पर्ने चितुवा हेर्दा आकर्षक र सुन्दर हुन्छ । हाल देशमा सामुदायिक वनहरुको विकासका कारण यसको संख्यामा बृद्धि भएको पाइएको छ ।
- यसको गोलो टाउको, छोटो नाक, लामो पुच्छर, तिखा नंग्रा हुनुका साथै बलिया दांत हुन्छन् । वयस्क भाले चितुवाको शरिरको लम्बाई सरदर २.१५ मि. र तौल ५२ के.जी. सम्म हुन्छ भने पोथी लगभग २ मि. लामो र ३९ के.जी. सम्म तौल भएको हुनसक्छ ।
- चितुवाको गर्भाधारण अवधि ८७ देखि ९४ दिनको हुन्छ र एकपटकमा २-३ वटा बच्चा जन्मिने गर्दछन् । सामान्यतया चितुवा ३ बर्षको उमेरमा वयस्क हुन्छ र १५ देखि २० बर्षसम्म बाच्छ । बाघ भन्दा आकारमा सानो हुने यो अति बाठो जनावर हो । यो तीब्र गतिमा दौडिन, पौडिन, रुखमा चढ्न र हाम फाल्न सिपालु हुन्छ ।



# चितुवाले आक्रमण गर्ने अवस्था

- सानो बच्चा साथमा भएको अवस्थामा ।
- बुढो वा घाइते भई शिकार खेल्न असक्त भएको अवस्थामा ।
- शिकार खाइरहेको वा बच्चालाई खुवाइरहेको बेलामा ।
- अचानक जम्काभेट भएमा र भाग्ने ठाउँ वा मौका नपाएमा ।
- रुखमा आराम गरीरहेको बेला तल पट्टी हल्ला गरेमा वा जिस्काएमा ।
- जंगलमा खाना वा आहारा कम भएमा ।
- नरभक्षी भएको अवस्थामा ।
- बाटो बिराई गाउँ बस्ती पसेको अवस्थामा ।

# चितुवाले आक्रमण गर्ने तरिका

- जंगलको छेउछाउमा बस्ने हुँदा यो जनावर साँझ परेपछि कुकुर, बंगुर, बाखा वा अन्य घरपालुवा मार्न गाउँ पस्छ र यस्तो अवस्थामा साना केटाकेटी र ठुला मानिसलाई समेत आक्रमण गर्न सक्छ ।
- चितुवा रुख चढ्ने भएकोले नरभक्षी भएको अवस्थामा यो रुखमा चढेर बस्छ र मान्छेलाई झम्टिन्छ । साथै साँझ परेपछि भाँडा माझ्ने ठाउँ धारा पंधेरामा समेत कुरेर बस्छ । यो धुरीबाट समेत घर भित्र पस्ने गरेको पाइन्छ ।
- चितुवा बुढो वा असक्त भएपछि मान्छेलाई आक्रमण गर्ने खतरा धेरै हुन्छ । साथमा बच्चा भएको पोथी बढी खतरनाक हुन्छ ।
- यसले मान्छेलाई आक्रमण गर्ने तरिका वाघले आक्रमण गर्ने तरिकासँग मिल्दोजुल्दो छ साथै चितुवाले पनि वाघले झैं नरभक्षी नहुन्जेल मान्छेलाई आक्रमण गर्दैन ।

# चितुवाको आक्रमणबाट बच्ने उपाय

- जंगलमा हिंडदा ताजा पाइला वा गन्ध थाहा पाउनासाथ सतर्क हुने साथै अन्य जनावरहरुको संकेत आवाजहरु पनि याद गर्ने ।
- चितुवासँग जम्काभेट हुँदा रुख चढ्नु हुँदैन, बरु थपडी मार्ने, चर्को आवाजमा होहल्ला गरेर भगाउने प्रयास गर्नुपर्छ ।
- जंगलको छेउछाउ बस्ने मान्छेले आफ्नो घरको झ्यालढोका राम्ररी बन्दगर्ने ।
- साँझमा एक्लै हिंडडुल नगर्ने, घर बाहिर नबस्ने साथै निस्कनै परे सतर्क भएर निस्कने ।
- केटाकेटीलाई साँझ अबेरसम्म बाहिर खेल्न नदिने ।
- घरको वरीपरी अग्लो घाँस, झाडी बुट्यान नराख्ने ।
- दिशापिसाव गर्न जंगलमा नजाने ।
- चितुवाले मान्छे मारेको थाहा पाउना साथ नजिकका गाउँबस्तीहरुमा समेत खबर गर्ने साथै नजिकको वन कार्यालयमा जानकारी गराउने ।

# गैंडा

## शारीरिक बनोट तथा जीवनचक्र

- एक सिंगे गैंडा विश्वमा पाईने ५ गैंडा प्रजाति मध्ये दोश्रो ठुलो जनावर हो ।
- गैंडाको औसत तौल २ टन सम्म, शरीरको लम्बाई २.१-४.२ मि. र उचाई १.१-२.० मि. सम्म हुन्छ ।
- पोथी गैंडा ३-५ वर्षमा र भाले ७-९ बर्षको उमेरमा बयस्क हुन्छ । गैंडाको गर्भाधान अवधि १६-१८ महिनासम्मको हुन्छ ।
- गैंडाहरु सामान्यतय ४०-५० वर्ष सम्म बाँच्दछन् ।

## स्वभाब तथा वासस्थान

- गैंडा आक्रामक जनावर हो । सामान्यतय भाले गैंडाहरु एक्लाएक्लै हिंडछन् तर बच्चासितका पोथिहरु तथा अर्धवयस्क भालेहरु ७-८ वटाको समुहमा रहने गरेको पाईन्छ । यिनिहरुले दिशा एकै ठाउँमा गर्दछन् ।
- गैंडाले प्रतिदिन करिव ७० के.जी. घास तथा रुखपात खाने गर्दछ । कलिलो र छोटो घाँस भएको क्षेत्रमा यो जनावर घन्टौं चर्ने गर्छ ।



# गैंडाले आक्रमण गर्ने अवस्था

- भर्खर जन्मिएको वा सानो बच्चा साथमा भएको अवस्थामा ।
- एकआपसमा जुधेर घाईते भएको अवस्थामा ।
- भाले लाग्ने बेला वा लागिरहेको अवस्थामा ।
- आफु वा बच्चालाई सुरक्षित महसुस नगरेको अवस्थामा ।
- आराम गरिरहेको ठाउँमा पुगी जिस्काउने, अत्याउने, फोटो खिच्ने आदि गरि नजिकै पुगेको अवस्थामा ।
- भाले गैंडाहरु एक आपसमा जुधिरहेको अवस्थामा ।
- हान्ने बानी परेको गैंडा भएमा ।
- वयस्क गैंडाहरु वढी आक्रामक हुन्छन् ।

# गैंडाले आक्रमण गर्ने तरिका

- सामान्यतय मान्छे देखेपछि टाउको उठायो भने उ आफै भाग्छ तर टाउको तल गर्‍यो भने तिब्र गतिमा आएर हान्ने तयारी गर्दैछ भन्ने बुझ्ने ।
- आक्रमण गर्नु अघि पहिले हल्का काँन चलाउँछ, टक्क रोकिन्छ र धेरै जसो अवस्थामा आवाज निकाल्दै टाउको घोप्टो पार्दै तिब्र गतिमा आएर हान्ने गर्दछ ।
- मान्छे भुईमा लडेपछि यसले तल्लो च्यापुको ठूलो दाँतले दाँया बाँया गर्दै हान्छ, मुखले टोक्छ र साथै थुतुनो र सिङले फुटबल खेले जस्तै उचालेर फ्याक्छ । भुईमा पछारेपछि खुट्टाले कुल्चिने र हान्ने गर्दछ ।
- एकपटक हानिसकेपछि अलि टाडा गएर फर्केर हेर्ने गर्छ, चल्यो वा आवाज निकाल्यो भने फेरी फर्केर आई हान्न सक्छ ।

# गैंडाको आक्रमणबाट बच्ने उपाय

- गैंडा बाट खतरा महसुस भएमा तुरुन्तै नजिकको रुखमा चड्ने ।
- ठूलो रुखको फेद वा ढिस्का पछाडी आड लाग्ने वा लुक्ने वा मोटो रुखको वरिपरि छलेर भाग्ने ।
- अचानक आक्रमण गर्ने अवस्था भएमा वा गैंडासंग जम्काभेट भएमा आफूसंग भएको टोपी, चप्पल, रुमाल, झोला, लगाएको लुगा आदि गैंडा तर्फ फ्याक्दै आफु जोडले भाग्ने वा रुख चड्ने ।
- वरिपछि रुख छैन भने माथि लेखिएका सामानहरु फाल्दै बाङ्गो टिङ्गो गरि भाग्ने ।
- ओरालो वा उकालो तिर वा हावा वहेको विपरित दिशातर्फ भाग्ने ।
- ढुंगा भएको बगर, दलदल, भास तर्फ भाग्ने ।
- दौडिदा गैंडाले लखेटेको दिशा भन्दा विपरित ९० डिग्रीको कोणमा भाग्ने ।
- केहि सिप नलागेमा हिम्मतसाथ आफुसंग भएको लट्ठीले गैंडाको थुतुनोमा जोडले हिर्काउने, यसरी हिर्काउंदा कहिलेकाही गैंडा तर्सेर भाग्छ ।
- समूहमा जंगल जाँदा गैंडाले आक्रमण गर्ने स्थिति देखियो भने लुक्ने प्रयास गर्ने, सकिएन भने एकै ठाउँमा जम्मा भएर बेसरी हल्ला गर्ने ।
- सानो बच्चा संग गैंडा देख्नासाथ आफू सुरक्षित भई टाढा जाने वा रुख चड्ने । यस्तो गैंडाको नजिक कहिलेपनि नजाने ।
- जंगलमा हिंड्दा गैंडाको ताजा पाईला, दिशा देखेमा आफु सतर्क भई उसको क्रियाकलाप, संकेतहरु याद गर्ने किनकि गैंडा त्यहि वरिपरी हुन सक्छ ।
- जंगलमा कहिले पनि गैंडा लाई नजिस्क्याउने, नतर्साउने, सकेसम्म उसलाई आफ्नो उपस्थितिको थाहा नहुने गरि हिंड्ने वा सुरक्षित दुरीबाट हेर्ने ।

# पाटे बाघ

- वयस्क भाले बाघको तौल १८०-२३० के.जी. सम्म र शरिर २.८ मिटर सम्म लामो हुनसक्छ। पोथी बाघ भाले भन्दा सानो १३६ के.जी. सम्म तौल र २.४४ मि. सम्म लम्बाई हुन्छ।
- भाले बाघ ४ बर्ष र पोथी बाघ ३ बर्षको उमेरमा वयस्क हुन्छन्। बाघको गर्भाधान अवधि १५-१६ हप्ताको हुन्छ। प्राय २ देखि ४ सम्म बच्चा जन्मिन्छन्। बच्चाहरु ६ महिनाको भएपछि माउसंग सिकार खेल्न निस्किनछन्।
- बाघका बच्चाहरु १८ देखि २८ महिना सम्म माउसंगै रहन्छन् र सामान्यतया औसत २० बर्षको आयुसम्म बाँच्छन्।

## विश्वमा बाघको अवस्था

- बितेका १०० वर्षमा विश्वभरी बाघको वासस्थान ९३% ले घटेको छ।
- बाघ एसियाको १४ देशहरुमा मात्र पाईन्छ।
- यस अवधिमा ३ प्रजातिका बाघहरु लोप भएका छन्।
- हाल बाघको संख्या ३,५०० को हाराहारीमा छ।
- बाघका ९ उपप्रजातिहरु :
  १) पाटे बाघ २) मलाय बाघ ३) अमुर (साइबेरियन) बाघ ४) इन्डो चाइना बाघ ५) साउथ चाइना बाघ ६) क्यासपियन बाघ ७) बाली बाघ ८) जाभा बाघ ९) सुमत्रन बाघ
- संसारबाट लोप भइसकेका बाघहरु :
  १) बाली बाघ २) क्यासपियन बाघ ३) जाभा बाघ



# बाघले आक्रमण गर्ने अवस्था

- साथमा सानो बच्चा भएमा ।
- शिकार गर्न वा शिकार खान लागेको अवस्थामा ।
- घाइते, बिरामी वा बुढो भई लामो समयसम्म भोको रहेको अवस्थामा ।
- पोथीले बच्चा लुकाएको ठाउँमा अचानक पुगेमा । यस्तो अवस्थमा रुखमा चढेकोलाई समेत झम्टेको पाइएको छ ।
- सुतेको वा आराम गरीरहेको ठाउँमा पुगेमा ।
- दुई बाघ आपसमा लडीरहेको अवस्थामा ।
- जम्काभेट भएर बाघ भाग्ने ठाउँ नपाएको अवस्थामा ।
- मान्छे खाने बानी परेमा ।
- आहारा प्रजाति वा वासस्थान कम भएमा र वासस्थानमा मान्छेको गतिविधि बढेमा ।

# बाघले आक्रमण गर्ने तरिका

- झाडी वा अग्लो घाँसमा लुकेर प्राय पछाडि, दांया बांया र कहिलेकाही अगाडिबाट समेत एक्कासी झम्टिने गर्दछ ।
- बच्चासँग भएको अवस्थामा कराएर एक्कासी आक्रमण गर्दछ ।
- मान्छे खाने बाघ हो भने एक्लोदुक्लो मान्छे देखेपछि लुसुक्क जंगलभित्र पस्छ र घुमेर आई आक्रमण गर्दछ । आक्रमण गर्नु अघि पुच्छर ठाडो पार्छ र हल्लाउँछ, त्यसपछि भुईमा लपक्क टाँसिएर बसी आवाज निकाल्दै आक्रमण गर्दछ ।
- आक्रमण गर्दा आफ्नो ४ वटै पंजा फुलाएर नंग्रा निकाल्छ र मुख आं गर्दै मुख र पंजाले एकैसाथ आक्रमण गर्दछ ।
- बाघले प्राय टाउको पछाडी वा गर्दननेर हान्छ । घाँटी भाचिदिन्छ अनि रगत चुस्छ ।
- प्राय बुढो, असक्त वा घाईते भएको अवस्थामा बढी खतरनाक, हिंसक र आक्रामक हुन्छन् । साथै बच्चा भएको पोथी पनि बढी खतरनाक हुन्छन् ।

# बाघको आक्रमणबाट बच्ने उपाय

- बाघको नजिक नजाने वा नजिस्काउने ।
- बाघको नयां वा ताजा पाईला देख्यो भने त्यो कता र कति टाढा गएको छ हेर्ने ।
- बाघ भएको क्षेत्रमा चनाखो भएर छिटो छिटो हिंड्ने र बाघको पिसाव वा गन्धको ख्याल राख्ने ।
- बाघको पंजा छाप देखिएमा पञ्जाको आकृति बिग्रेको छ छैन हेर्ने, पञ्जा बिग्रेको छ भने गएको क्षेत्रमा बाघ हुन सक्छ, घाईते बाघले आक्रमण गर्ने सम्भावना धेरै हुन्छ ।
- बाघको पाईला भएको ठाउँमा रगत, रौंहरु वा घिसारिएको चिन्ह छ भने त्यस्तो चिन्ह भएतिर नजाने । बाघले शिकार गरेर खान वा बच्चालाई खुवाउन लागेको हुनुपर्छ ।
- बाघले शिकार गर्न थालेको, सुतेको वा शिकार खुवाउन लागेको अवस्थामा होहल्ला नगर्ने ।
- अचानक बाघसंग जम्काभेट भयो र भाग्ने अवस्था वा ठाउँ छैन भने चुप लागेर नचलीकन बाघसंग आंखा जुधाउँदै बिस्तारै पछाडि सर्दै टाढा जाने, र सुरक्षित ठाउँमा पुगेपछि नदौडीकन बिस्तारै भाग्ने वा झाडी भित्र पस्ने ।
- जंगलमा हिंडदा चरा, बाँदर, चित्तल आदिको आवाजलाई याद गर्ने । यी जनावरहरुले बाघ नजिक भएको संकेत दिनेगर्दछन् ।
- अन्य कुनै किसिमले बच्न सक्ने अवस्था नभएमा आफुसंग भएको लौरोले बाघलाई जोडले हिर्काउने, यसो गर्दा बाघ भाग्न सक्छ ।
- जंगलको छेउछाउ बस्ने मानिसहरु साँझ परेपछि सकभर आफू र केटाकेटीलाई बाहिर निस्किन नदिने, जंगलमा दिशापिसाव गर्न नजाने तथा अबेरसम्म केटाकेटीलाई बाहिर खेल्न नदिने ।
- नरभक्षी बाघ भएको क्षेत्रमा जादै नजाने गएपनि हात्ती अथवा मोटरबाट मात्रै जाने ।
- बाघले आक्रमण गरेको थहा हुनासाथ यो खवर वरीपरीका टोलवस्ती तथा सम्बन्धित निकुञ्ज आरक्ष कार्यालयमा गर्ने गराउने ।

# हात्ती

- संसारमा पाईने ३ प्रजातीका हात्ती मध्ये एउटा प्रजाती एसियाली हात्ती नेपालमा पाईन्छ ।
- एसियाली हात्ती अफ्रिकी हात्ती भन्दा सानो हुन्छ ।
- ठूलो टाउको, ठूला कान, साना आँखा हुन्छन् ।
- यसको सुंड अत्यन्तै संवेदनशिल हुन्छ, जस्का मद्दतले हात्तीले सुंघ्ने र समात्ने काम गर्दछ ।
- एउटा वयस्क हात्तीको औसत उचाई २.७५ मिटर र तौल ४ देखि ८ टनसम्म हुन्छ । यसको सुंघ्ने र सुन्ने शक्ति अन्य जनावरको भन्दा तीव्र हुन्छ ।
- भाले हात्ती २० बर्षको उमेरमा र पोथी हात्ती १७ देखि १९ बर्षमा वयस्क हुन्छन् । हात्तीको गर्भाधारण समय २० देखि २२ महिनाको हुन्छ र एउटा मात्र बच्चा जन्मिन्छ ।
- हात्ती सामान्यतया ७० देखि ८० बर्षको आयुसम्म बाँच्दछ ।

## हात्तीले आक्रमण गर्ने अवस्था

- मात लागेको अवस्थामा ।
- सानो बच्चा साथमा भएको अवस्थामा ।
- भाले लाग्ने अवस्थामा ।
- जम्काभेट भएमा वा अचानक हात्तीको नजिक पुगेको अवस्थामा ।
- चरीरहेको बेला जिस्काए वा होहल्ला गरेमा ।



- खेती खान आउँदा धपाएको बेला रिसाएर आक्रमण गर्नसक्छ ।
- आगोको अगुल्टो वा कुनै बस्तुले हानेको भए त्यस्तो वस्तु देख्नासाथ हात्तीले आक्रमण गर्नसक्छ ।
- आफ्नो बच्चा हराएमा वा मरेको अवस्थामा ।
- ईख राखेको अवस्थामा । जिस्काउने वा लखेट्ने मान्छेको आवाज चिन्यो भने धेरै पछि सम्म पनि आक्रमण गर्न सक्छ ।

# हात्तीले आक्रमण गर्ने तरिका

- रिसाएको हात्तीले सुंड भुईमा पडकाउँदै धुलो छर्छ । कान ठाडो पार्दै अगाडितिर ल्याउँदै जोडले कराएर आक्रमण गर्दछ । सुंडले हानेर मान्छे लडाउँछ अनि खुट्टाले थिच्छ र सुंडले समातेर च्यात्छ ।
- अगाडी रहेको रुख ढालेर रुखको हाँगाले हान्ने वा ढुंगा वा अगाडी जे पाउँछ त्यसैले पनि हान्छ ।
- मान्छेलाई भुईमा पछारेपछि दाह्राले घोचेर मार्छ । कहिलेकाँही सुंडले बेरेर पर हुत्याइदिन्छ वा रुखमा लगेर पछार्छ ।
- हात्ती रिसाएको बेला मान्छेको घर समेत भत्काईदिएको पाईन्छ ।
- आफू असुरक्षित भएको महशुस गरेको अवस्थामा हात्ती बढी आक्रामक हुन सक्छ । सामान्यतया पोथी भन्दा भाले हात्ती बढी आक्रामक हुन्छ ।

# हात्तीको आक्रमणबाट बच्ने उपाय

- हात्तीसंग जम्काभेट भएमा आफुसंग भएको सामान (टोपी, लुगा, झोला, चप्पल आदि) फ्याक्ने र बेतोडसंग बांगोटिंगोगर्दै दौडिने वा ढुंग्यान बगरतिर भाग्ने ।
- हात्तीले छोटो दुरीसम्म मात्र लखेटछ । लखेटदै पछिपछि आउँदैन ।
- अलि छडके परेर ओरालो तिर, दलदल जमिन वा हिलो तिर भाग्ने ।
- ढलेको ठूलो रुखको मुनीबाट भाग्ने ।
- पुलपुलेसा तरेर भाग्ने ।
- हावाको विपरित दिशातिर भाग्ने ।
- जंगल जाँदा जाँडरक्सी नखाने, यसको गन्धले हात्तीलाई आकर्षित गर्दछ ।
- आगो वा राँको बालेर तर्साउने ।
- जंगल जाँदा हात्तीको ताजा पाइला वा दिशा याद गर्ने, सतर्क रहने र हात्ती भएको गएको दिशातर्फ नजाने । साथै रुख भाँचेको, सूंड बजारेको वा घुरेको पनि सुन्न सकिन्छ । यस्तो आवाज सुनेमा सतर्क हुने ।

# जंगल जाँदा ध्यान दिनुपर्ने कुराहरु

- जंगल भित्र कहिलै एक्लै जानु हुँदैन । जंगल जाँदा जंगल सुहाउँदो पोशाक लगाउनु पर्छ । रंगीचंगी र भडकिलो लुगा लगाउनु हुँदैन, आफ्नो साथमा सधै बलियो लौरो बोक्नु पर्छ ।
- अत्तर वा बास्ना आउने वस्तु प्रयोग गर्नु हुँदैन, सधै जुत्ता लगाउनु पर्छ ।
- जंगलमा होहल्ला गर्नु हुँदैन ।
- रेडियो, क्यासेट, मोबाइल बजाउन वा हेडफोन प्रयोग गर्नु हुँदैन ।
- आँखा, कान, चनाखो राखी सतर्क रहनुपर्छ ।
- सफारी किट (झोला, दुरबीन, प्राथमिक उपचार सामग्रीका औषधी, चक्कु आदि) सधै साथमा राख्नु पर्छ ।
- जंगलमा जथाभावी रुखविरुवा वनस्पति काटनु हुँदैन ।
- कुनैपनि जनावर चराचुरुगी बस्ने ठाउँहरु (प्वाल, गुंड वा टोडका आदि) चलाउनु वा बिगार्नु हुँदैन ।
- वन्यजन्तु देखिएमा शान्त एवं सतर्क भई टाढाबाट अवलोकन गर्नु पर्दछ ।
- कुनै पनि वन्यजन्तुको नजिक जाने वा जिस्काउने गर्नु हुँदैन ।
- कुनै जनावर घाईते वा मृत अवस्थामा भेटेमा तुरुन्त सम्बन्धित निकायमा जानकारी गराउनु पर्दछ ।
- जंगलमा सलाई कोरी जथाभावी फाल्नु हुँदैन ।
- नदीनालाहरुमा नुहाउने वा आफुले लगेको खाद्यपदार्थको खोल, बट्टा, फोहोर आदि फाल्नु हुँदैन ।
- खोलामा बिषादीको प्रयोग गर्नु हुँदैन ।
- जंगल जाँदा धुम्रपान वा मद्यपान गर्नु हुँदैन ।
- संरक्षित क्षेत्र सम्बन्धि नीति नियमबारे जानकारी राख्नुपर्दछ ।

# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९

## (पहिलो संशोधन, २०७२)

# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९

**(पहिलो संशोधन, २०७२)**

## प्रस्तावना :

वन्यजन्तु (हात्ती,गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वांसे चितुवा, ब्वांसो, जंगली कुकुर, जंगली बँदेल र अर्ना) ले संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, सामुदायिक वन लगायत अन्य वन क्षेत्र तथा अन्य गाउँ/वस्तीमा प्रवेश गरी स्थानीय जनताको जीउ धनको क्षति पुऱ्याउने गरेको तर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र त्यस अन्तर्गत बनेका नियमावलीहरु तथा अन्य प्रचलित नेपाल कानूनमा समेत वन्यजन्तुबाट हुने क्षतिको राहत दिने व्यवस्था नभएको कारण यस्तो क्षति हुँदा स्थानीय जनता र संरक्षण निकाय तथा स्थानीय प्रशासनकाबीच तनाव र द्वव्द्व सृजना हुँदै आएको छ।

वन क्षेत्रबाट वन्यजन्तु बाहिर आई क्षति पुऱ्याउने गरेको कारण स्थानीय जनताबाट पटक-पटक वन्यजन्तुले पुऱ्याएको क्षतिको राहत माग भई आएको सन्दर्भमा स्थानीयस्तरका सरोकारवाला संघ-संस्था, नागरिक समाजसँग छलफल र अन्तरक्रिया गरी प्राप्त राय सुझानका आधारमा वन्यजन्तुबाट हुने जीउ धनको क्षति वापत तपसिलका मापदण्डको आधारमा पीडित नेपाली नागरिकलाई राहत उपलब्ध गराई वन्यजन्तु र स्थानीय बासिन्दाबीचको अन्तर सम्वन्ध घनिष्ठ राख्ने उद्देश्यले आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ११४ बमोजिम वन तथा भू-संरषण मन्त्रालयले यो निर्देशिका बनाएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

१) यो निर्देशिकाको नाम "वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (पहिलो संशोधन, २०७२)" रहेको छ।

२) यो निर्देशिका तुरुन्त लागू हुनेछ।

## २. परिभाषा :

यस निर्देशिकाको प्रयोजनको लागि

क) "वन्यजन्तुबाट हुने क्षति" भन्नाले हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, वंगली बंदेल, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, र अर्नाबाट हुने मानवीय क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर/गोठको क्षति, र खाद्यान्न बाली (उखु, र व्यवसायिक केरा खेती समेत) को क्षति समेतलाई जनाउँछ।

ख) "गम्भीर घाइते" भन्नाले वन्यजन्तुको आक्रमणबाट शरीर अङ्गभङ्ग हुने गरी घाईते भएको अवस्थालाई जनाउँछ।

ग) "सामान्य घाइते" भन्नाले शरीर अङ्गभङ्ग हुने वाहेक उपचार गर्नु पर्ने अन्य अवस्थाको घाईतेलाई जनाउँछ।

## ३. वन्यजन्तुबाट हुने क्षतिको किसिम र राहत प्राप्त गर्ने आधारहरु :

**क) मानवीय क्षति :** संरक्षित क्षेत्र र राष्ट्रिय वनक्षेत्र बाहेक अन्यत्र दफा २ (क) मा उल्लेखित वन्यजन्तुको आक्रमणमा परी मानिसको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा उपचार गर्नु पर्ने गरी घाइते भएको अवस्थामा यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराइनेछ। त्यसैगरी संरक्षित क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा सरकारी काममा खटिएका कर्मचारी र वन संरक्षणको कामको लागि अनुमति लिई काममा खटिएका कामदारलाई उल्लेखित वन्यजन्तुले क्षति पुऱ्याएमा समेत यस निर्देशिका बमोजिम राहत उपलब्ध गराउन सकिनेछ।

**ख) पशुधनको क्षति :** संरक्षित क्षेत्र र राष्ट्रिय वनक्षेत्र बाहेक अन्यत्र दफा २ (क)मा उल्लेखित वन्यजन्तुको आक्रमणमा परी वस्तुभाउको मृत्यु भएमा यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराउन सकिनेछ।

तर पशुधनको बिमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराईनेछ।

ग) **भण्डारण गरेको अन्नको क्षति :** दफा २ (क) मा उल्लेखितथ वन्यजन्तुले घरगोठभित्र भण्डारण गरेको अन्नको षति गरेमा मात्र क्षतिको मूल्याङ्कनको आधारमा राहत उपलब्ध गराउन सकिनेछ ।

घ) **घर/गोठको क्षति :** दफा २ (क) मा उल्लेखित वन्यजन्तुले प्रयोगमा रहेको घर/गोठको क्षति गरेमा क्षतिको मूल्याङ्कनका आधारमा राहत रकम उपलब्ध गराउन सकिनेछ ।

ङ) **खाद्यान्न बालीको क्षति :** दफा २ (क) मा उल्लेखित वन्यजन्तुले खाद्यान्न -उखु र व्यवसायिक केरा खेति समेत) बाली नोक्सान गरेमा मूल्याङ्कनका आधारमा राहत रकम उपलब्ध गराउन सकिनेछ ।

च) **हिमाली क्षेत्र सम्बन्धी विशेष व्यवस्था :** हिमाली संरक्षित क्षेत्रहरुभित्र भएका बस्तीहरुमा दफा २ (क)मा उल्लेखित वन्यजन्तुले क्षति पुर्‍याएमा समेत यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराइनेछ ।

छ) **राहत वितरणका क्षेत्रहरु :** राहत वितरणका क्षेत्रहरु तल तालिका नं. १ मा उल्लेख गरिएको छ ।

**तलिका नं. १ राहत वितरणका क्षेत्र**

| वन्यजन्तु | मानवीय क्षति | | | पशुधनको क्षति | भण्डारण गरेको अन्नको क्षति | घर गोठको क्षति | खाद्यन्न बालीको क्षति |
|---|---|---|---|---|---|---|---|
| | सामान्य घाइते | सख्त घाइते | मृत्यु | | | | |
| हात्ती | पाउने | पाउने | पाउने | पाउने | पाउने | पाउने | पाउने |
| गैंडा | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| बघ | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| भाँलु | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| हिउँ चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| ध्वाँसे चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| ब्वाँसो | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| जंगली कुकुर | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| जंगली बँदेल | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| अर्ना | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने |

## ४. राहत रकम प्राप्त गर्नका लागि प्रमाणहरु पेश गर्नुपर्ने :

राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु तल तालिका नं. २ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २. राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु**

| प्रमाण र प्रकृति | मानवीय क्षति | | | पशुधनको क्षति | भण्डारण गरेको अन्नको क्षति | घर गोठको क्षति | खाद्यन्न बालीको क्षति |
|---|---|---|---|---|---|---|---|
| | सामान्य घाइते | सख्त घाइते | मृत्यु | | | | |
| पिडित/हकवालाको निवेदन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| संभव भएसम्म मृतकको/पीडितको फोटो | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| मृत्यु दर्ता प्रमाणपत्र | | | ✓ | | | | |
| घटनास्थलको सर्जमीन मुचुल्का | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| स्वास्थ्य संस्थाको सिफारिस (पोष्टमार्टम रिपोर्ट)<br>विदेशमा उपचार गराएको भए सरकारी अस्पतालले गरेको सिफारिस संलग्न हुनुपर्ने । | ✓ | ✓ | ✓ | | | | |
| प्रहरी प्रतिवेदन | | | ✓ | | | | |
| सम्बन्धित मध्यवर्ती उपभोक्ता समिति वा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् वा सामुदायिक वन उपभोक्ता समितिको सिफारिस | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको सिफारिस | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| नाता प्रमाणित कागजात | | | ✓ | | | | |
| स्वास्थ्य संस्थाको सिफारिस र औषधि विल<br>विदेशमा उपचार गराएको भए सरकारी अस्पतालको सिफारिस र प्रमाणित विल संलग्न हुनुपर्ने । | ✓ | ✓ | | | | | |
| पशु सेवा/कृषि सेवा सम्बन्धी प्राविधिकको मूल्यांकन | | | | ✓ | ✓ | | ✓ |
| जग्गा धनी प्रमाण पुर्जा | | | | | | ✓ | ✓ |

## ५. राहत रकमको हद :

**क) मानवीय क्षतिको लागि :**

अ) सामान्य घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- (दश हजार) सम्म ।

आ) सख्त घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र विशेषज्ञ चिकित्सकको सिफारिसका आधारमा बढीमा रु.१,००,०००।- (एकलाख) ।

इ) मृतकको आश्रित परिवार/हकवालाको लागि रु. ५,००,०००/- (पाँच लाख) ।

**ख) पशुधनको क्षतिको लागि :**

अ) वयस्क भैंसी वा जोत्ने उमेरको रांगो वा गोरु व उन्नतजातको गाई वा साँडेको मृत्यु भएमा रु. ३०,०००।- (तीस हजार) सम्म ।

आ) अन्य पशुको लागि वस्तुभाउको प्रकार हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।-(दश हजार) सम्म ।

तर पशुधनको बीमा गरेको अवस्थामा बीमा रकम कटाएर राहत उपलब्ध गराइनेछ ।

**ग) घर/गोठ क्षतिको लागि :** सम्वन्धित उपभोक्ता समिति तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षतिसम्बन्धी प्रतिवेदन र सिफारिसका आधारमा निम्न अनुसारको राहत रकम उपलब्ध गराइनेछ :

अ) घर/गोठ क्षतिको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- (दश हजार) सम्म ।

आ) भकारीमा भण्डारण गरिएको अन्नको मूल्याङ्कन गरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- (दश हजार) सम्म ।

**घ) खाद्यान्न बालीको क्षतिको लागि :** (१) सम्वन्धित उपभोक्ता समिति, गाउँ विकास समिति/नगरपालिका तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षतिसम्वन्धी प्रतिवेदन र सिफारिसका आधारमा खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म राहत रकम उपलब्ध गराइनेछ । तर, एक मौसममा लगाएको बालीको हकमा एक पटक र वर्षमा दुई पटकमा नबढ्ने गरी राहत रकम उपलब्ध गराइनेछ ।

## ६. संस्थागत संरचना :

क) यस निर्देशिका बमोजिमको राहत क्षेत्रीय वन निर्देशनालय मार्फत उपलब्ध गराइनेछ ।

ख) जिल्ला स्तरमा राहत उपलब्ध गराउनका लागि निम्न बमोजिमको एक राहत वितरण सिफारिस समिति रहनेछ :

| | | |
|---|---|---|
| अ) | संरक्षित क्षेत्रको हकमा सम्बन्धित संरक्षित क्षेत्रका कार्यालय प्रमुख र वन क्षेत्रको हकमा जिल्ला वन अधिकृत | संयोजक |
| आ) | सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष | सदस्य |
| इ) | सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष | सदस्य |
| ई) | सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको कार्यकारी अधिकृत/ गाउँ विकास समिति सचिव वा/प्रतिनिधि | सदस्य |
| उ) | उपलब्ध भएमा जिल्ला कृषि विकास कार्यालय वा पशु विकास कार्यालयका प्रतिनिधि (क्षतिको किसिम अनुसार) | सदस्य |

समितिले आवश्यकता अनुसार अन्य विज्ञ प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

## ७. राहत माग तथा राहत वितरण गर्दाको कार्यविधि :

क) राहत सहयोग माग गर्ने व्यक्तिले घटना घटेको मितिले कम्तीमा ६० दिनभित्र सम्बन्धित संरक्षित क्षेत्र वा जिल्ला वन कार्यालय समक्ष माथि तालीका नं. २ मा तोकिएका कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

ख) यसरी प्राप्त हुन आएका निवेदनहरु मथि राहत वितरण समितिले निर्णय गरी उपलबध गराउनु पर्ने राहतको रकम सम्बन्धित संयोजकको कार्यालयमार्फत क्षेत्रीय वन निर्देशनालयमा माग गर्नु पर्नेछ ।

ग) सम्बन्धित क्षेत्रीय वन निर्देशनालयबाट राहत रकम उपलब्ध भएपछि संरक्षित क्षेत्रको हकमा सम्वन्धित संरक्षित क्षेत्रको कार्यालय र जिल्ला वन कार्यालयको हकमा जिल्ला वन कार्यालय मार्फत पिडित/हकवालालाई कम्तीमा २ जना माथवर साक्षीको रोहबरमा राहत रकम भूक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

घ) राहत वितरण गर्दा मानवीय क्षति भएमा मृतकको हकमा नजिकको हकवाला, गम्भिर तथा सामान्य घाइतेको हकमा निज स्वयं वा निजको मञ्जुरीनामाको आधारमा र अन्य क्षतिको हकमा सम्वन्धित हकवालालाई राहत रकम उपलब्ध गराइनेछ ।

ङ) मानिसको मृत्यु र गम्भीर घाइते भएको अवस्थामा पीडित पक्षबाट मात्र भएमा मानिस मृत्यु भएकोमा रु. ५०,०००।- (पचास हजार) सम्म र गम्भिर घाइते भएकोमा रु. १०,०००।- (दश हजार) सम्म पीडितले राहत पाउने राहत रकमबाट सोधभर्ना हुने गरी सम्बन्धित कार्यालयबाट अग्रिम भूक्तानी दिन सकिनेछ ।

च) यस निर्देशिका बमोजिम वितरण गरिने राहत रकम चेक मार्फत भूत्तानी गरिने छ ।

## ८. अनुगमन सम्बन्धी व्यवस्था :

क) राहत दिनको लागि क्षेत्रीय वन निर्देशनालय मार्फत प्राप्त भएको रकम दफा ७ बमोजिम वितरण गरेपछि सो को विवरण जिल्ला प्रशासन कायालय, पिडित व्यक्तिको स्थायी ठेगाना भएको गाऊँ विकास समिति वा नगरपालिकाको कार्यालय, तालुक विभाग र क्षेत्रीय वन निर्देशनालयमा पठाउनुपर्नेछ ।

ख) क्षेत्रीय वन निर्देशनालयले चौमासिक रुपमा राहत वितरण भएको विवरण वन तथा भू-संरक्षण मनत्रालयमा चौमासिक वितेको १५ गते भित्र पठाउनु पर्नेछ ।

ग) सम्बन्धित क्षेत्रीय वन निर्देशकले आफ्नो क्षेत्र भित्र वितरण भएको राहत पाउने व्यक्ति मध्ये कम्तीमा १० प्रतिसतलाई भेटी रकम पाए नपाएको र प्रकृयाको बारेमा अनुगमन गरी चौमासिक रुपमा वन तथा भू-संरक्षण मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । मन्त्रालयबाट सो विवरण मन्त्रालयको वेभसाईटमा र वार्षिक प्रतिवेदनमा प्रकाशित गर्नुपर्ने छ ।

## ९. विविध:

क) यस निर्देशिकामा नसमेटिएका वन्यजन्तुले पुऱ्याएको क्षतिका सम्बन्धमा सम्बन्धित मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, संरक्षण क्षेत्र व्यवस्थापन परिषद, सामुदायिक वन उपभोक्ता समिति वा जिल्ला वन कार्यालय वा संरक्षण कार्यालयमा दर्ता भएका संस्थाले आफ्नै स्रोतमा यस निर्देशिकाको परिधिभित्र रही राहत रकम उपलब्ध गराउन सक्नेछन ।

ख) वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएमा वा अङ्गभङ्ग हुने गरी गम्भिर घाईते भएमा संरक्षण सहयोगी निकायले यस निर्देशिका बमोजिम पाउने राहत रकमका अतिरिक्त थप रकम विशेष राहत स्वरुप उपलब्ध गराउन सक्नेछन ।

## १०. बचाउ :

यस निर्देशिका स्वीकृत हुनुभन्दा अगाडि उपलब्ध गराईएका राहत रकमहरु यसै निर्देशिका बमोजिम वितरण भएको मानिनेछ ।

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन कार्यविधि २०७१

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन कार्यविधि २०७१

## प्रस्तावना :

जैविक विविधता संरक्षण क्षेत्रमा नेपालले अग्रिणी भूमिका निर्वाह गर्दै आएकोछ। देशको कुल भू-भागको झण्डै ४० प्रतिशत वन क्षेत्र मध्ये २३.२३ प्रतिसत भू-भाग संरक्षित क्षेत्र प्रणाली भित्र छ। नेपाल सरकार र संरक्षणका साझेदार संस्थाहरुको लगानी तथा स्थानीय समुदायको सहभागिताबाट जैविक विविधता संरक्षणमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन। यसबाट बाघ, गैंडा र हात्ती लगायतका दुर्लभ र लोपोन्मुख वन्यजन्तुको संख्या उल्लेख्य रुपमा बृद्धि भएको छ। वन्यजन्तुको संख्यामा आएको बृद्धिसंगै एकातिर मानव-वन्यजन्तुबिचको द्वन्द्व व्यवस्थापन र अर्कोतर्फ वन्यजन्तुको चोरी शिकार तथा वन्यजन्तुका अङ्गप्रत्यङ्गको अवैध व्यापार एवं समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन जस्ता समस्या र चुनौती पनि थपिएका छन्।

मानव-वन्यजन्तु द्वन्द्वका कारण एकातिर धनजनको क्षति हुने र अर्कोतिर वन्यजन्तु प्रति हुने प्रतिशोधपूर्ण ब्यवहारबाट वन्यजन्तुलाई क्षति पुग्ने कृयाकलाप समेत हुंदै आएको अवस्था छ। मानव-वन्यजन्तु बीच बिद्यमान द्वन्द्व न्युनिकरण गरी सह-अस्तित्व कायम गर्ने उद्देश्यले बिभिन्न निरोधात्मक उपाय अवलम्वन गर्दै वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०६९ बमोजिम नेपाल सरकारबाट वन्यजन्तु पीडितलाई राहत सहयोग उपलब्ध गराउदै आएको छ।

वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका बमोजिम उपलब्ध गराउँदै आएको सुबिधाका अतिरिक्त वन्यजन्तुको आक्रमणमा परी मृत्यु भएका र अङ्गभंग भै पीडित हुन पुगेका ब्यक्ति वा निजका आश्रित परिवारलाई तत्काल राहत उपलब्ध गराउन र समस्याग्रस्त वन्यजन्तु उद्दार तथा व्यवस्थापन गर्न जरुरी देखिएको छ। यसका लागि आवश्यक पर्ने आर्थिक स्रोत, दक्ष जनशक्ति र स्रोतसाधनको दिगो व्यवस्था मिलाई भरपर्दो र प्रभावकारी तरिकाबाट मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७१/०९/०७ मा बसेको राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको पांचौं बैठकको निर्णय समेतका आधारमा **"मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन कार्यविधि २०७१"** बनाईएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

१) यस कार्यविधिको नाम **"मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन कार्यविधि २०७१"** रहेको छ।

२) यो कार्यविधि नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत भएको मिति देखि नेपाल अधिराज्यभर लागूहुनेछ।

## २.परिभाषा:

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**"मन्त्रालय"** भन्नाले वन तथा भू-संरक्षण मन्त्रालयलाई जनाउनेछ।

**"कार्यविधि"** भन्नाले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन कार्यविधि २०७१ लाई जनाउने छ।

**"टुहुरा वन्यजन्तु"** भन्नाले माउसंग छुट्टिएर वेवारिसे अवस्थामा फेला परेका वन्यजन्तुको बच्चाहरुलाइ जनाउंदछ।

**"घाइते तथा अशक्त वन्यजन्तु"** भन्नाले वन्यजन्तु-वन्यजन्तु बीचको द्वन्द्व, मानव वन्यजन्तु द्वन्द्व र चोरी शिकारीबाट घाइते तथा विरामी वन्यजन्तुलाई जनाउंदछ।

**"समस्याग्रस्त"** वन्यजन्तु भन्नाले मानव वस्तीमा आई पटक पटक धनजनको क्षति पुऱ्याउने वन्यजन्तुलाई जनाउंदछ।

**"सहयोग व्यवस्थापन समिति"** भन्नाले दफा ८ बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण बिभागका महानिर्देशकको अध्यक्षतामा गठन भएको समितिलाई जनाउदछ।

## ३. उद्देश्य :

१) नेपाल सरकार, दातृनिकाय र संरक्षण साझेदार निकायहरूको सहयोग र सहभागितामा मानव-वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण, टुहुरा, अशक्त तथा घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन गरी जैविक विविधता संरक्षणमा टेवा पुऱ्याउदै मानव-वन्यजन्तुबीच सहअस्तित्व कायम गर्ने ।

२) वन्यजन्तुको आक्रमणमा परी अङ्गभंग भएका व्यक्ति र मृत्यु भएका व्यक्तिका आस्रित परिवारलाई तत्काल बिशेष राहत उपलब्ध गराउने ।

## ४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग रकम आम्दानीका स्रोतहरु :

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालनका लागि देहायका स्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) राष्ट्रिय प्रकृति संरक्षण कोषबाट प्राप्त रकम ।

ग) जैविक विविधता संरक्षण क्षेत्रमा संलग्न विभिन्न संघ, संस्थाबाट प्राप्त रकम ।

घ) अन्तर्राष्ट्रिय संघ, संस्था र दाताहरुबाट प्राप्त रकम ।

ङ) वैदेशिक सहयोगवाट प्राप्त रकम ।

च) निजी क्षेत्रबाट प्राप्त रकम ।

छ) वातावरणीय सेवाबाट प्राप्त हुने रकम ।

## ५. रकम बैंक खातामा जम्मा हुने :

क) मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालनको छुट्टै खाता हुनेछ ।

ख) नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त बैंकमा खाता खोली रकम जम्मा गरिनेछ ।

ग) कोषमा जम्मा भएको रकमबाट आर्जित ब्याज समेत सोही खातामा जम्मा हुनेछ ।

## ६. आर्थिक कारोबार सञ्चालन :

क) आर्थिक कारोबार सञ्चालन राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक तथा प्रशासनिक बिनियम बमोजिम हुनेछ ।

ख) प्रचलित कानून बमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने,,आम्दानी खर्चको हिसाव किताव सहितको स्रेस्ता राख्ने, लेखापरिक्षण गराउने लगायतको सम्पूर्ण जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषको हुनेछ ।

ग) राष्ट्रिय प्रकृति संरक्षण कोषले बार्षिक प्रतिबेदन व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

घ) व्यवस्थापन खर्च वापत राष्ट्रिय प्रकृति संरक्षण कोषले वार्षिक बजेटको १० प्रतिशत सम्म रकम खर्च गर्न सक्नेछ ।

## ७. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग सञ्चालन क्षेत्रहरु :

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन सहयोग रकमहरु निम्न शिर्षकहरुमा मात्र खर्च गरिनेछ ।

क) वन्यजन्तुको आक्रमणबाट अङ्गभंग भएका व्यक्ति र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई बिशेष राहत उपलब्ध गराउन ।

ख) समस्याग्रस्त वन्यजन्तुको उद्धार, टुहुरा, अशक्त तथा घाइते वन्यजन्तुको उपचार तथा व्यवस्थापन सम्बन्धी कार्य ।

ग) टुहुरा, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरु घाइते भएमा उपचार गर्दा लाग्ने सम्पूर्ण खर्च ।

घ) टुहुरा, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरुको यातायात, खाना खाजा र बास बस्न लगायतका खर्च ।

ङ) टुहुरा, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन कार्यमा प्रयोग हुने औषधी तथा औजार र उपकरणमा लाग्ने खर्चहरु ।

च) वन्यजन्तुको आक्रमणबाट अङ्गभंग भएका व्यक्ति र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई दफा ८ बमोजिम गठन हुने व्यवस्थापन समितिले निर्धारण गरे बमोजिमको रकम बिशेष राहत स्वरुप उपलब्ध गराईने छ ।

## ८. व्यवस्थापन समिति:

१) बिभिन्न संघ सस्था, निकायबाट सहयोग रकम प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्न, राहत बापत उपलब्ध गराईने रकम निर्धारण गर्न र आवश्यक्ता अनुसार कामको प्रभावकारीता अनुगमन र मार्गनिर्देश गर्नका लागि लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहेनछ ।

| | |
|---|---|
| क) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | संयोजक |
| ख) प्रमुख, योजना महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| घ) महानिर्देशक, वन विभाग | सदस्य |
| ङ) संरक्षण कोषमा सहभागी संस्थाहरुका प्रतिनिधि वढीमा २ जना | सदस्य |
| च) सदस्य सचिव, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य सचिव |

२) व्यवस्थापन समितिको बैठक बर्षमा एक पटक अनिवार्य रुपमा र आवश्यक्तानुसार सो भन्दा बढि पनि बस्न सक्नेछ ।

३) सहयोग रकम परिचालन सम्बन्धी बिवाद निरोपण गर्ने अधिकार व्यवस्थापन समितिको हुनेछ ।

४) व्यवस्थापन समितिमा राष्ट्रिय प्रकृति संरक्षण कोषबाट पेश हुन आएको बार्षिक प्रतिबेदन वन तथा भू-संरक्षण मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

५) मन्त्रालयबाट दिएको निर्देशन व्यवस्थापन समितिले कार्यान्वयन गर्नुपर्नेछ ।

## ९. कार्यक्रमहरुको कार्यान्वयन र खर्च प्रक्रिया :

क) वन्यजन्तुबाट मानिस मृत्यु वा सख्त घाईते भै तत्काल राहत उपलब्ध गराउनका लागि सम्बन्धित जिल्ला वन कार्यालय वा संरक्षित क्षेत्र (निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र) कार्यालयबाट माग भै आएमा राष्ट्रिय प्रकृति संरक्षण कोषले सम्बन्धित जिल्ला वन कार्यालय वा संरक्षित क्षेत्रका कार्यालय लाई तत्काल पेश्की रकम उपलव्ध गराउने छ ।

ख) सम्बन्धित कार्यालयहरूले सो रकम पिडित पक्षलाई उपलब्ध गराई सक्कलै बिल भरपाई तथा कागजात (राहत निर्देशिका २०६९ मा उल्लेख भए बमोजिम) राष्ट्रिय प्रकृति संरक्षण कोषमा पेश गरी पेश्की फछ्यौट गर्नु पर्नेछ

## १०. कार्यविधि संसोधन र परिमार्जन सम्बन्धि ब्यवस्था :

व्यवस्थापन समितिले नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको स्वीकृतिमा कार्यविधि संसोधन वा परिमार्जन गर्न सक्नेछ ।

# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग कार्यबिधि २०७२

## (सेती सब बेसिन स्तरमा)

# वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग कार्यबिधि २०७२

## (सेती सब बेसिन स्तरमा)

### १. पृष्ठभूमी :

जलवायु परिवर्तनका नकरात्मक प्रभावहरु र जैविक विविधता संरक्षणका चुनौतीहरुलाई कम गर्ने उद्देश्यले गण्डकी जलाधार क्षेत्रमा अमेरिकी विकास नियोगको सहयोगमा डब्लु डब्लु एफ नेपालको नेतृत्वमा संचालित हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण, दिगो भू- परिधि व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन जस्ता अन्तरसंवन्धित क्षेत्रमा काम गर्दछ। यसका अतिरिक्त यस कार्यक्रमले दिगो जिविकोपार्जन, लैंगिक तथा सामाजिक समावेशिकरण र शुशासन जस्ता महत्वपूर्ण पक्षहरुलाई सहयोगी कार्यक्रमको रुपमा समेटेको छ।

यस कार्यक्रमका निम्न लिखित तिन उद्देश्यहरु रहेका छन् :

- तोकिएका भू-परिधिहरुमा जैविक विविधता संरक्षणका जोखिमहरु न्यूनीकरण गर्ने,
- प्रभावकारी र दिगो भू-परिधि व्यवस्थापन मूलतः वनफडांनी र वन विनासको माध्यमबाट हुने हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्य सञ्चालन गर्न आवश्यक क्षमता र संरचनाको विकास गर्ने,
- लक्षित मानव समुदाय तथा पारिस्थितिकीय प्रणालीहरुमा जलवायु परिवर्तनका नकरात्मक प्रभावलाई सामना गर्ने क्षमतामा वृद्धि गर्ने,

यो कार्यक्रम पूर्व पश्चिम फैलिएको तराई भ-परिधि र उत्तर दक्षिण फैलिएको चितवन अन्नपूर्ण भू-परिधिमा संचालित छ। चितवन अन्नपूर्ण भू-परिधि काली गण्डकी, सेती, मस्याङ्गदी र त्रिशुली नदी तटीय क्षेत्रको ३२,०९० वर्ग कि.मि. भूभागमा फैलिएको छ। विश्वमै अति दुर्लभ मानिने हिंउ चितुवा, रातो हाब्रे, कस्तुरी मृग आदि महत्वपूर्ण वन्यजन्तुहरु यस भूभागमा पाईन्छन्। यसका साथै यो भूपरिधिलाई उत्तर दक्षिण जैविक मार्गको रुपमा विकास गर्न हरियो वन कार्यक्रम यस क्षेत्रमा संचालित छ। करिव ५० लाख जनसंख्या भएको यो भू परिधि जैविक विविधिताका दृष्टिकोणले निकै महत्वपूर्ण मानिन्छ।

हरियो बन कार्यक्रमको कार्य क्षेत्रमा मानव बन्यजन्तु द्वन्द्व एक मुख्य चुनौतीको रुपमा देखा परेको छ। विशेष गरी चितुवाबाट घरपालुवा पशु पन्छीको हानी नोक्सानी, मृग तथा वांदरबाट अन्न वालीको क्षति आदि द्वन्द्वका मुख्य कारण रहेका छन्। बन्यजन्तुले पुऱ्याएका क्षतिका कारण स्थानिय समुदायमा बन्यजन्तु प्रति नकरात्मक सोच जागृत भइ वदलाको भाव पैद भएको छ। विगत २।३ वर्ष भित्र कास्की र तनहूंमा मात्रै १२।१३ जति चितुवा मृत फेला परेका छन्।

वन क्षेत्रवाट वन्यजन्तु बाहिर आई क्षति पुऱ्याउने गरेको कारण स्थानीय जनताबाट पटक-पटक वन्यजन्तुले पुऱ्याएको क्षतिको राहत माग भईआएको सन्दर्भमा वन्यजन्तुबाट हुने जीउ धनको क्षति वापत पीडित नेपाली नागरिकलाई राहत उपलब्ध गराई वन्यजन्तु र स्थानीय बासिन्दाबीचको अन्तर सम्वन्ध घनिष्ठ राख्ने उद्देश्यले वन तथा भू-संरक्षण मन्त्रालयले वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०७२ बनाइ राहत सहयोग हुदै आए तापनि लामो प्रशासनिक प्रकृयाका कारण पीडितले तत्काल राहत प्राप्त गर्न सकेको छैन। यस अवश्यकतालाई मध्य नजर राख्दै राहत सहयोग निर्देशिका, २०७२ को को दफा ९ वमोजिम सो निर्देशिकाको परिधिभित्र रही पीडितलाइ तत्काल राहत सहयोग गर्न यो कार्यविधि तयार पारेको छ।

### २. लक्ष्य तथा उद्देश्य

वन्यजन्तुबाट हुने हानी नोक्शानी कम गर्न सेती रिभर बेसिन स्तरमा वन्यजन्तु क्षति राहत कोष स्थापना गर्ने।

## ३. कोष व्यवस्थापन समिती

कास्की र तनहुँ जिल्ला फेकोफनको संयोजकत्वमा ५ सदस्यीय कोष व्यवस्थापन समिति गठन गर्ने र भूमिकाको आधारमा आवश्यकता अनुरुप सेती रिभर बेसिनका अन्य सरोकारवाला निकायहरुलाई पनि समावेश गर्ने ।

## ४. कोष व्यवस्थापन समितीको काम कर्तव्य

- डब्लु.डब्लु.एफ नेपाल/हरियो वन कार्यक्रमबाट प्राप्त भएको राहतकोषको व्यवस्थापन सुनिश्चीत गर्ने ।
- क्षतिपुर्ति मूल्याङ्कन समितिको सिफारिशको आधारमा पीडितलाई राहत रकम उपलब्ध गराउने ।
- सेती रिभर बेसिनका सबै समुदायिक वनहरुलाई वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग कार्यक्रम सम्बन्धि जानकारी गराउने ।
- समुदायिक वन उपभोक्ता समुहहरुलाई कार्यक्रममा सहभागिता र कार्यक्रमबाट लाभान्वित हुन अभिप्रेरित गर्ने ।
- अन्य सरकारी तथा गैरसरकारी संघ-संस्था संग समन्वय गरी कोषलाई विस्तार गर्न सहयोग गर्ने ।
- सम्बन्धित मूल्याङ्कन समितिले बितरण गरेको राहत पाउने ब्यक्ति मध्ये कम्तीमा १० प्रतिसतलाई भेटी रकम पाए नपाएको र प्रकृयाको बारेमा अनुगमन गरी फेकोफन केन्द्रलाई जानकारी गराउने ।
- क्षेत्रीय वन निर्देशनालयलाई चौमासिक रुपमा राहत बितरण भएको बिवरण पठाउनु पर्ने ।
- सम्बन्धित सामुदायिक वन र उपभोक्ताहरुलाई वन संरक्षण तथा जैविक विविधता संरक्षण कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने ।
- अर्धबार्षिक अनुगमन तथा मूल्यांकन प्रतिबेदन डब्लु डब्लु एफ नेपाल, हरियो वन कार्यक्रम, चितवन अन्नपूर्ण भू परिधिको कार्यलयलाई पठाउनु पर्ने ।

## ५. सदस्यता

- बार्षिक रु १०००।०० शुल्क तिरी यस रिभर वेसिनमा रहेका सावउसहरु यो कोषवाट लाभ प्राप्त गर्ने सदस्य हुनेछन् ।
- उक्त रकम चालु आर्थिक वर्षको असार मसान्त भित्र जम्मा गरी सोको वैक भौचर सम्वन्धित जिल्ला महासंघमा वुझाउनुपर्नेछ र सोको मान्यता आगामि आर्थिक वर्षको अन्त्य सम्म लागु हुनेछ ।
- यो कोषमा अन्य व्यक्ति, समूह, संस्था र निकायहरुले सहयोग उपलव्ध गराउन सक्ने छन ।

## ६. वन्यजन्तुबाट हुने क्षतिको किसिम र राहत प्राप्त गर्ने आधारहरु :

क) मानवीय क्षति : कुनै पनि वन्यजन्तुको आक्रमणबाट हुन पुगेका सम्पन्नता स्तरीकरणका आधारमा ग र घ वर्गका विधवा र विदुरलाई कार्यविधि बमोजिम राहत रकम उपलव्ध गराइनेछ ।

ख) पशुधनको क्षति : वन्यजन्तुको आक्रमणमा परी वस्तुभाउको मृत्यु भएमा यस कार्यविधि बमोजिम राहत रकम उपलव्ध गराउन सकिनेछ ।

ग) खाद्यान्न बालीको क्षति: कुनै पनि वन्यजन्तुले खाद्यान्न बाली नोक्सान गरेमा मूल्याङ्कनका आधारमा राहत रकम उपलव्ध गराउन सकिनेछ ।

छ) राहत वितरणका क्षेत्रहरुः राहत वितरणका क्षेत्रहरु तल तालिका नं. १ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १ राहत वितरणका क्षेत्र**

| वन्यजन्तु | मानवीय क्षति | पशुधनको क्षति | खाद्यन्न बालीको क्षति | सामान्य घाइते | सख्त घाइते | मृत्यु |
|---|---|---|---|---|---|---|
| चितुवा | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| बाँदर | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| मृग | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने | नपाउने |
| दुम्सी | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने | नपाउने |

## ७. राहत रकम प्राप्त गर्नका लागि प्रमाणहरु पेश गर्नुपर्ने :

राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु तल तालिका नं. २ मा उल्लेख गरिएको छ ।

**तालिका नं. २. राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु**

| प्रमाण र प्रकृति | मानवीय क्षति | पशुधनको क्षति | खाद्यन्न बालीको क्षति | सामान्य घाइते | सख्त घाइते | मृत्यु |
|---|---|---|---|---|---|---|
| पिडित/हकवालाको निवेदन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| सम्वन्धित क्षतिपुर्ति मूल्याङ्कन समितिको प्रतिवेदन सहितको सिफारिस | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |

## ८. राहत रकमको हद :

क) मानवीय क्षतिको लागिः सम्पन्नता स्तरीकरणका आधारमा ग र घ वर्गका वन्यजन्तुको आक्रमणबाट हुन पुगेका विधवा र विदुरलाई रु. ३०,०००।- (तिस हजार) राहत रकम उपलब्ध गराइनेछ ।

ख) पशुधनको क्षतिको लागि :

अ) वयस्क भैंसी वा जोत्ने उमेरको रांगो वा गोरु वा उन्नतजातको गाई वा साँडेको मृत्यु भएमा रु.१५,०००।-(पन्ध्र हजार) सम्म ।

आ) अन्य पशुको लागि वस्तुभाउको प्रकार हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- (दश हजार) सम्म ।

ग) खाद्यान्न बालीको क्षतिको लागि :(१) खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म राहत रकम उपलव्ध गराइनेछ । तर, एक मौसममा लगाएको बालीको हकमा एक पटक र बर्षमा दुई पटकमा नबढ्ने गरी राहत रकम उपलब्ध गराइनेछ ।

## ९. क्षतिपुर्ति मूल्याङ्कन समिति

- सावउस अध्यक्ष
- वडा अध्यक्ष/वडा नागरिक मञ्चको संयोजक
- नजिकको प्रा.विको प्रधानाध्यापक
- यूवा क्लव वाट प्रतिनिधि (१)
- महिला प्रतिनिधि (१)

(नोट : यदि कुनै व्यक्ति माथि उल्लेखित पदहरुमा एक भन्दा वढी पदमा भएमा सोहि निकायको अन्य प्रतिनिधि सदस्य हुने )

## १०. राहत माग तथा राहत वितरण गर्दाको कार्यविधि :

क) राहत सहयोग माग गर्ने व्यक्तिले घटना घटेको मितिले कम्तीमा १५ दिनभित्र सम्बन्धित क्षतिपुर्ति मूल्याङ्कन समितिलाई निवेदन दिनु पर्नेछ ।

ख) यसरी प्राप्त हुन आएका निवेदनहरु माथि सम्बन्धित क्षतिपुर्ति मूल्याङ्कन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्ने राहतको रकम सम्बन्धित जिल्ला फेकोफनको कार्यालयमार्फत राहत कोष व्यवस्थापन समितीलाई माग गर्नु पर्नेछ ।

ग) राहत कोष व्यवस्थापन समितीबाट राहत रकम उपलव्ध भएपछि सम्पुर्ण राहात वितरणको जिम्मेवारी सम्वन्धित सावउस मार्फत पिडित/हकवालालाई कम्तीमा २ जना साक्षीको रोहबरमा राहत रकम भूक्तानीको व्यवस्था गर्नुपर्नेछ ।

घ) सम्पन्नता स्तरीकरणका आधारमा ग र घ वर्गका वन्यजन्तुको आक्रमणबाट हुन पुगेका विधवा र विदुरलाई राहत दिने छ ।

ङ) यस कार्यविधि बमोजिम बितरण गरिने राहत रकम चेक मार्फत भूक्तानी गरिने छ ।

## ११. अनुगमन सम्बन्धी ब्यवस्था :

वन्यजन्तुबाट हुने क्षतिको राहत निर्देशिका २०६९ पहिलो संसोधन २०७२ को दफा ८ बमोजिम अनुगमनको जिम्मेवारी क्षेत्रिय वन निर्देशनालयलाई दिईएको हुँदा यस समितिले क्षेत्रीय वन निर्देशनालयसँग समन्वय गरी गराउने ।

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३

# मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३

## प्रस्तावना :

जैविक विविधता क्षेत्रमा नेपालले अग्रणी भुमिका भुमिका गर्दै आएको छ । देशको कुल भू-भागको झन्डै ४४.७४ प्रतिशत वन क्षेत्रमध्ये ३१.३१ प्रतिशत भू-भाग सुरक्षित क्षेत्र प्रणाली भित्र रहेको छ । नेपाल सरकार, स्थानीय समुदाय र संरक्षणको साझेदार सस्थाहरुको सहभागिताबाट जैविक विविधता संरक्षणमा महत्वपूर्ण उपलब्धि हासिल भएका छन् । यसबाट बाघ, गैडा र हात्ती लगायतको दुर्लभ र लोपोन्मुख वन्यजन्तुको संख्यामा उल्लेख्य रुपमा वृद्धि भएको छ । वन्यजन्तुको संख्यामा आएको वृद्धिसँगै एकातिर मानव-वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन र अर्कोतर्फ वन्यजन्तुको चोरी शिकार तथा वन्यजन्तुका अङ्ग-प्रत्यङ्गको अबैध व्यापार एवं समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन जस्ता समस्या र चुनैती पनि थपिएका छन् ।

मानव-वन्यजन्तुबीचको द्वन्द्वका कारण एकातिर धनजनको क्षति हुने र अर्कोतिर वन्यजन्तुप्रति हुने प्रतिशोधपूर्ण व्यवहारबाट वन्यजन्तुलाई क्षति पुग्ने क्रियाकलाप समेत हुदै आएको अवस्था छ । मानव-वन्यजन्तुबिच विद्यमान द्वन्द्व न्यूनीकरण गरी सह-अस्तित्व कायम गर्ने उद्देश्यले विभिन्न निरोधात्मक उपाय अवलम्बन गर्दै वन्यजन्तुबाट हुने क्षतिको लागि राहत सहयोग निर्देशिका, २०६९ (पहिलो संशोधन २०७२) बमोजिम नेपाल सरकारबाट वन्यजन्तु पीडितलाई राहत सहयोग उपलब्ध गराउँदै आएको छ । यसका अतिरिक्त मसस्याग्रस्त वन्यजन्तु र व्यवस्थापनका लागि आर्थिक स्रोत, दक्ष जनशक्ति र स्रोत-साधनको दिगो व्यवस्था गर्न अत्यन्त जरुरी देखिएको वन्यजन्तुबीच सह-अस्तित्व कायम गर्नुका साथै वन्यजन्तु आक्रमणमा परी अङ्गभंग भएका तथा मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई तत्काल नेपाल सरकारबाट प्राप्त हुने राहतका अतिरिक्त उनीहरुको जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न सम्मानीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७१/०९/०७ मा बसेको राष्ट्रिय वाघ संरक्षण समिति, नेपालको पाँचौ बैठकको निर्णय समेतका आधारमा **"मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३"** जारी गरिएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

१) यस कार्यविधिको नाम **"मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३"** रहेको छ ।

२) यो कार्यविधि नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यविधि"** भन्नाले मानव-वन्यजन्तु द्वन्द्ध व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७३ सम्झनु पर्दछ ।

ख) **"कोष"** भन्नाले मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सम्झनु पर्दछ ।

ग) **"कोष निर्देशन समिति"** भन्नाले दफा ८ बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयका सचिवको अध्यक्षतामा गठन भएको समिति सम्झनु पर्छ ।

घ) **"कोष व्यस्थापन समिति"** भन्नाले दफा ९ बमोजिम राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यकारी निर्देशकको अध्यक्षतामा गठन भएको समिति सम्झनु पर्दछ ।

ङ) **"घाइते तथा अशक्त वन्यजन्तु"** भन्नाले वन्यजन्तु-वन्यजन्तुबीचको द्वन्द्व, मानव-वन्यजन्तु द्वन्द्व र चोरी शिकारीबाट घाइते तथा बिरामी वन्यजन्तु सम्झनु पर्दछ । स

च) **"टुहुरा वन्यजन्तु"** भन्नाले माउसंग छुट्टिएर व्यवारिसे अवस्थामा फेला परेका वन्यजन्तुका साना बच्चा तथा अर्थ वयस्कहरु सम्झनु पर्दछ ।

छ) **"मन्त्रालय"** भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्दछ ।

ज) **"समस्या ग्रस्त वन्यजन्तु"** भन्नाले मानव वस्तीमा आई पटक-पटक धनजनको क्षति पुऱ्याउने वन्यजन्तु सम्झनु पर्दछ ।

## ३. उद्देश्य :

यस कार्यविधिको उद्देश्यहरु निम्न बमोजिम हुनेछ ।

१) मानव र वन्यजन्तु बिचको द्वन्द्व न्यूनीकरण तथा रोकथाम गर्न सहयोग गर्ने ।

२) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गरी मानव-वन्यजन्तुबीच सह-अस्तिव कायम गर्न सहयोग गर्ने ।

३) वन्यजन्तुको आक्रमणमा परी अङ्गभंग भएका र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई तत्काल नेपाल सरकारबाट प्राप्त हुने राहतका अतिरिक्त उनीहरुको जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थान कोषको आम्दानीका स्रोतहरु :

मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालनका लागि देहायका स्रोतबाट प्राप्त रकम जम्मा गरिनेछ ।

क) राष्ट्रिय प्रकृति संरक्षण कोषबाट प्राप्त रकम ।

ख) जैविक विविधता संरक्षण क्षेत्रमा संलग्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संध, संस्था र दाताहरुबाट प्राप्त रकम ।

ग) निजी क्षेत्रबाट प्राप्त रकम ।

घ) वातावरणीय सेवाबाट प्राप्त हुने रकम ।

ङ) अन्नपूर्ण संरक्षण क्षेत्रको आम्दानीबाट प्राप्त हुने ८ प्रतिशत रकम ।

च) अन्य स्रोतबाट प्राप्त रकम ।

## ५. रकम बैंक खातामा जम्मा हुने :

कोषको रकमको लागि बैंकिङ व्यवस्था निम्न बमोजिम हुनेछ ।

क) मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालनको लागि एक छुट्टै खाता हुनेछ ।

ख) नेपाल राष्ट्र बैंकबाट क बर्गको इजाजत प्राप्त बैंकमा खाता खोली रकम जम्मा गरिनेछ ।

ग) कोषमा जम्मा भएको रकमबाट आर्जित ब्याज समेत सोही खातामा जम्म हुनेछ ।

## ६. आर्थिक कारोबार सञ्चालन :

आर्थिक कारोबार सञ्चालन निम्न बमोजिम हुनेछ ।

क) आर्थिक कारोबार सञ्चालन राष्ट्रिय प्रकृति संरक्षण कोषको आर्थिक तथा प्रशासनिक विनियम बमोजिम हुनेछ ।

ख) प्रचलित कानुन बमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने, आम्दानी खर्चको हिसाब किताव सहितको स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने लगायतको सम्पूर्ण जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषको हुनेछ ।

ग) कोषको आर्थिक प्रतिवेदन कोष व्यवस्थापन समितिले कोष निर्देशन समिति समक्ष पेश गर्नेछ ।

## ७. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोष सञ्चालन क्षेत्र र सीमाहरु

### ७.१. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कोषको रकम निम्न शीर्षकहरुमा खर्च गरिनेछ :

क) मानव र वन्यजन्तु बिचको द्वन्द्व न्यूनिकरण तथा रोकथाम गर्न परिचालन गरिने कार्यक्रमहरुको खर्च ।

ख) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यमा लाग्ने खर्च ।

ग) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरु घाइते भएमा उपचार गर्दा लाग्ने खर्च ।

घ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरुको यातायात तथा दैनिक भ्रमण भत्ता लगायतका खर्च ।

ङ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार र व्यवस्थापन कार्य गर्नका लागि आवश्यक पर्ने थप दक्ष मानव स्रोत लिदा लाग्ने खर्च ।

च) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार र व्यवस्थापन कार्यमा प्रयोग हुने औषधि, औजार, उपकरण, यातायात, वन्यजन्तुको खाना तथा आवासमा

लाग्ने खर्चहरु ।

छ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार र व्यवस्थापन कार्यमा प्रयोग हुने "वन्यजन्तु उद्दार सवारी साधन" खरिद र त्यसको सञ्चालनमा लाग्ने खर्च ।

ज) वन्यजन्तुको आक्रमणबाट अङ्गभंग भएका र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई नेपाल सरकारबाट प्राप्त हुने अतिरिक्त जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न लाग्ने खर्च ।

झ) कोषका विभिन्न कार्यक्रम सञ्चालन गर्न लाग्ने प्रशासनिक खर्च ।

### ७.२. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि सहयोग उपलब्ध गराउने रकमको सीमा निम्न बमोजिम हुनेछ :

(सेती जलाधार अन्तर्गत कास्की र तनहुँको लागि)

क) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार, उपचारका लागि अवस्था र औचित्य हेरी एक पटकमा २५,०००।- (पच्चीस हजार ) सम्म ।

ख) औषधि, उपकरण, खाना र आवास खर्चमा एक पटकमा रु.१०,०००।-(दश हजार ) सम्म ।

ग) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरु घाइते भएमा उपचारका लागि अन्य स्रोतबाट नपुग भएमा अवस्था र खौचित्य हेरी रु.५०,०००।-(पचास हजार ) सम्म ।

घ) वन्यजन्तुको आक्रमणबाट अङ्गभंग भएका र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई नेपाल सरकारबाट प्राप्त हुने राहतका अतिरिक्त उनीहरुको जीवीकापार्जनमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न प्रति परिवार रु.५०,०००।-(पचास हजार ) सम्म ।

ङ) (क), (ख), (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि वाघ, हात्ती, गैडा, चितुवा, हिउचितुवा, अर्ना, भालु जस्ता ठुला हिंस्रक वन्यजन्तुको उद्दार, उपचार तथा व्यवस्थापन गर्नुपर्दा वास्तविक खर्च बमोजिम भुक्तानी गर्न बाधा पर्नेछैन ।

च) दफा ७.१. को (ख) बमोजिम घाइते भएका कर्मचारीहरुको सम्बन्धमा राष्ट्रिय प्रकृति संरक्षण कोषका कर्मचारीहरुको हकमा दुर्घटना बिमाले उपलब्ध गराइने छ ।

छ) दफा ७.१. को (घ) बमोजिम करारमा लिइने कर्मचारीहरुको सेवाका शर्त तथा सुविधा राष्ट्रिय प्रकृति संरक्षण कोषको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बमोजिम हुनेछ ।

ज) खर्च बमोजिमका बीच भर्पाइको सक्कलै प्रति तथा अन्य कागजातहरु सम्बन्धित कार्यालय वा कर्मचारीले फर्स्यौट गर्दाका बखत बुझाउनुपर्नेछ । त्यसका अतिरिक्त समस्या भएको क्षेत्रमा पुगी उद्दार कार्य गरिएको प्रमाणित कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

झ) मानव र वन्यजन्तु विचको द्वन्द्व न्यूनिकरण तथा रोकथाम गर्न परिचालन गरिने स्रोत एकिन भएका कार्यक्रमहरु परिचालन गर्नको लागि माथि लेखिएको सिमाहरुले वाधा पर्नेछैन ।

## ८. कोष निर्देशन समिति :

१. दफा ९ बमोजिम गठित कोष व्यवस्थापन समितिलाई कोष परिचालन सम्बन्धमा मार्गनिर्देशन गर्न देहाय बमोजिमको एक कोष निर्देशन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | अध्यक्ष |
| ख) | सदस्य सचिव, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य |
| ग) | सहसचिव, जैविक, विविधता तथा वातावरण महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| घ) | महानिर्देशक, वन विभाग | सदस्य |
| ङ) | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| च) | कोषमा सहभागी संस्थाहरुमध्येबाट निर्देशक समितिले मनोनित गरेका बढीमा २ जना | सदस्य |
| छ) | कार्यकारी निर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य सचिव |

२) निर्देशन समितिको बैठक वर्षमा कम्तीमा १ पटक बस्नेछ । निर्देशन समितिको बैठकमा क्षेत्रीय वन निर्देशकहरु लगायत कुनै विज्ञहरुको सहयोग आवश्यक भएमा आमन्त्रण गर्न सकिनेछ ।

३) सहयोग रकम परिचालन सम्बन्धी विवादको अन्तिम निरुपण निर्देशन समितिले गर्नेछ ।

४) निर्देशन समितिले कोष अभिबृद्धिका लागि विभिन्न सघं, संस्था र निकायबाट सहयोग रकम प्राप्तीका लागि पहल गर्नेछ ।

## ९. कोष व्यवस्थापन समिति :

१) विभिन्न संघ संस्था, निकायबाट सहयोग रकम प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्न र कोष परिचालन सम्बन्धमा मार्गनिर्देश गर्नका लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क | कार्यकारी निर्देशक, राष्ट्रिय प्रकृति संरक्षण कोष | संयोजक |
| ख | उप-सचिव, वन तथा भू-संरक्षण, योजना महाशाखा | सदस्य |
| ग | उप-सचिव वन विभाग | सदस्य |
| घ | उप-सचिव, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| ङ | राष्ट्रिय प्राणी उद्यानले तोकेको प्रतिनिधि | सदस्य |
| च | लेखा प्रमुख, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य |
| छ | वरिष्ठ अधिकृत, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य-सचिव |

२) कोष व्यवस्थापन समितिको वैठक कम्तीमा ३ पटक वस्नेछ ।

३) सहयोग रकम परिचालन सम्बन्धी विवाद भएमा अन्तिम निर्णयार्थ निर्देशन समितिमा पठाइने छ ।

## वन्यजन्तुहरुको मृत्यू तथा घाईते विवरण

| क.सं. | मिती | स्थान | वन्यजन्तुको नाम | संख्या | भाले/पोथी | अवस्था (घाइते/मृत्यु) | धटनाको कारण |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

## अन्नवालीमा पूऱ्याएको क्षतिको विवरण

| क.सं. | मिती | वन्यजन्तुको नाम | स्थान | अन्नवाली को विवरण | पुऱ्याएको क्षति | क्षेत्रफल, रापनी | मुल्य (रु) | समाधानको प्रयास |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## चौपायालाई पूऱ्याएको क्षतिको विवरण

| क.सं. | मिती | वन्यजन्तुको नाम | स्थान | चौपायाको विवरण | पुऱ्याएको क्षति | संख्या | मुल्य (रु) | समाधानको प्रयास |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## भौतिक क्षतिको विवरण

| क्र.सं. | मिती | वन्यजन्तुको नाम | स्थान | भौतिक क्षति | पुऱ्याएको क्षतिकोविवरण (पुर्ण वा आंशिक रुपमा) | समाधानको प्रयास |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## मानविय क्षतिको विवरण

| क्र.सं. | मिती | वन्यजन्तुको नाम | स्थान | मानविय क्षति | पुऱ्याएको क्षतिको विवरण (घाइते, मृत्यु) | समाधानको प्रयास |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**प्रकाशक :**
**डब्लुडब्लुएफ नेपाल**
पोस्ट बक्स नं ७६६०, बालुवाटार, काठमाडौँ, नेपाल
फोन : ४४३४८२०, इमेल : hariyobanprogram@wwfnepal.org
वेबसाइट : www.wwfnepal.org/hariyobanprogram